संघीय संसद
राष्ट्रिय सभा
चौधौं अधिवेशन
बैठक-४५
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ०४:४६ बजे*
*बैठक स्थगित : ०५:०२ बजे*

२०८० कार्तिक १४ गते, मङ्गलवार

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको पैंतालिसौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ४:४६ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय अनिता देवकोटा**ले दाङ, घोराही, तुल्सीपुर सडकको सुधारका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो।

**माननीय कुमार दसौदी**ले इन्टर पार्लियामेन्ट्री यूनियन (आइ. पी. यू.) को १४७ औं बैठकको उपलब्धी सम्बन्धमा जानकारी गराउनुभयो।

**माननीय प्रकाश पन्थ**ले पृथ्वी राजमार्गको स्तरोन्नतीमा शीघ्रता कायम गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्रहरू प्राप्त हुन आएको जानकारी गराउनुहुँदै देहायबमोजिमका पत्रहरूको ब्यहोरा क्रमश: जानकारी गराउनुभयो:

**"विषयः कार्यभार तोकिएको सम्बन्धमा।**

(क) "**माननीय वन तथा वातावरण मन्त्री विरेन्द्र प्रसाद महतो** श्रीलङ्कामा आयोजना हुने फिफ्थ फोरम अफ मिनिस्टर्स एण्ड इन्भारोमेन्ट अथोरिटिज् एण्ड एसिया प्यासिफिक (फिफ्थ एपी फोरम) मा सहभागी हुन संवत् २०८० साल असोज १५ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको वन तथा वातावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राई**ले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(बैकुण्ठ अर्याल)
मुख्यसचिव
२०८०/०६/१५"

(ख) "**माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ** इन्डोनेसियामा आयोजना हुने एसियन-अफ्रिकन कानुनी परामर्शदातृ संस्था (ए.ए.एल.सी.ओ.) को ६१ औं वार्षिक सभामा सहभागी हुन संवत् २०८० साल असोज २६ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट **माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री पूर्णबहादुर खड्का**ले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध

गर्दछु।

(ग) **माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला** भारतको मुम्बईमा आयोजना हुने ग्लोबल मेरिटाइम इन्डिया समिट टु थाउजेन्ट ट्वेन्टी थ्री (जी.एम.आई.एस.) विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८० साल असोज २९ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल**ले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(घ) **माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री नारायणकाजी श्रेष्ठ** जनवादी गणतन्त्र चीनमा आयोजना हुने थर्ड बेल्ट एण्ड रोड फोरम फर ईन्टरनेशनल कोअपरेशन (बी.आर.एफ.) अन्तर्गत हाई लेभल फोरम अन ग्रीन डेभलप्मेण्ट विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८० साल असोज २९ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको गृह मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यू स्वयंले सम्हाल्नुहुने व्यहोरा अनुरोध गर्दछु।

(बैकुण्ठ अर्याल)
मुख्यसचिव
२०८०/०६/२६"

(ङ) "**माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री शक्ति बहादुर बस्नेत** थाइल्याण्डको बैंककमा आयोजना हुने थर्ड प्यासिफिक इनर्जी फोरम कार्यक्रममा सहभागी हुन संवत् २०८० साल कात्तिक १ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयको कार्यभार **सम्माननीय प्रधानमन्त्रीज्यू स्वयं**ले सम्हाल्नुहुने व्यहोरा अनुरोध गर्दछु।

(च) **माननीय खानेपानी मन्त्री महिन्द्र राय यादव** भारतको नयाँ दिल्ली स्थित मेदान्त अस्पतालमा स्वास्थ्य उपचारको लागि निजी भ्रमणमा संवत् २०८० साल असोज ३० गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको खानेपानी मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट **माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महत**ले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(बैकुण्ठ अर्याल)
मुख्यसचिव
२०८०/०६/३०"

त्यसपछि, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई **निर्वाचन आयोग, नेपालको सोह्रौं वार्षिक प्रतिवेदन २०७८/७९, राष्ट्रिय दलित आयोगको, तेस्रो वार्षिक प्रतिवेदन २०७९/८० र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको, तेत्तिसौं वार्षिक प्रतिवेदन २०७९/८०** सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रतिवेदनहरू सभासमक्ष पेस गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति **जयन्ती देवी राईलाई "राष्ट्रिय मर्यादा सम्बन्धी विधेयक, २०७९"** सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभासमक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतिले उक्त प्रतिवेदन सभासमक्ष पेस गर्नुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईलाई "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो। तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १८४ को उपनियम (१) बमोजिम सभाका १० दिन भन्दा बढी बैठकमा अनुपस्थित रहनुहुने देहाय बमोजिमका माननीय सदस्यहरूको सूचना सोही नियमावलीको उपनियम (४) बमोजिम सभाको स्वीकृतिका लागि प्रस्तुत गर्नुभयोः

| क्र.सं. | सदस्यको नाम | कारण | अवधि |
|---|---|---|---|
| १. | माननीय दिपा गुरुङ | अष्ट्रेलियामा छोरी बिरामी भई हेरचाह गर्न जानु परेको | २०८० साउन २१ गतेदेखि २०८० मंसिर ३० सम्म जम्मा बैठक ११ |
| २. | माननीय कृष्ण प्रसाद पौडेल | उपस्थित हुन असमर्थ रहेको | २०८० असार ०६ गतेदेखि २०८० असार ३० सम्म जम्मा बैठक १४ |
| ३. | माननीय दुर्गा कुमारी गुरुङ | भेटघाटको सिलसिलामा विदेश जानुपरेकोले | २०८० असार २७ गतेदेखि २०८० पुस १५ सम्म जम्मा बैठक १८ |
| ४. | माननीय जगत बहादुर पार्की | विरामी भइ उपचार गराउनु पर्ने भएकोले | २०८० असार १९ गतेदेखि २०८० साउन १० सम्म जम्मा बैठक १० |
| ५. | मोहम्मद खालिद | हजको सिलसिलामा देश बाहिर जानु परेकोले | २०८० जेठ १९ गतेदेखि हज अवधि सम्म जम्मा बैठक १४ |
| ६. | माननीय नुरपति लुवार | विरामी भइ उपचार गराउनु पर्ने भएकोले | २०८० जेठ २६ गतेदेखि २०८० साउन २१ गतेसम्म जम्मा बैठक १९ |

त्यसपछि सम्माननीय अध्यक्षले उल्लिखित अनुपस्थितिका सुचनाहरूलाई सभाको स्वीकृतिका लागि प्रस्तुत गर्दै सभाबाट स्वीकृत भएको घोषणा गर्नुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **१६ मिनेटपछि** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव